### श्री ५ को सरकार

## भूमिसुधार तथा व्यवस्था मन्त्रालयको सूचना

श्री ५ को सरकारले झापा जिल्लास्थित संजीवनी व्यवसाय प्रा. लि. ले भूमि सम्बन्धी ऐन, २०२१ को दफा १२ को खण्ड (ङ) बमोजिम हदबन्दीमा छूट पाई तोकिएको शर्त अनुसार काम नगरेको आधारमा जफत गरिएको निम्न अनुसारको कुल ५६–२–१० बिगाहा जग्गा निम्न शर्त अनुसार काम गर्ने गरी फिर्ता गरेको छ ।

फिर्ता गरिएको जग्गाको विवरण –

| सि. नं. | गा. वि. स. | वडा नं. | कित्ता नं. | क्षेत्रफल |
|---|---|---|---|---|
| १ | शनिश्चरे | ८ | ६३ | ०– ८–० |
| २ | " | " | ६६ | ४– ४–० |
| ३ | " | " | ७३ | १–१५–० |
| ४ | " | " | ७५ | १–१४–० |
| ५ | " | " | २२५ | १– ८–१२ |
| ६ | " | " | २६ | ०–११–१० |
| ७ | " | " | २७ | १– ५–१० |
| ८ | " | " | २८ | १– ८–० |
| ९ | " | " | २३ | ०–११–१० |
| १० | " | " | ३१ | ०– ९–१० |
| ११ | " | " | ६४ | ०– ४–१० |
| १२ | " | " | ३३ | ०–१०–१० |
| १३ | " | " | ३४ | ०–१३–३ |
| १४ | " | " | ३५ | ०– ५–० |
| १५ | " | " | ३६ | ०– ८–१५ |
| १६ | " | " | ३८ | ०– ५–० |
| १७ | " | " | ३९ | ०–१४–० |
| १८ | " | " | ३२ | ०– ४–१० |
| १९ | " | " | ७१ | १–१३–० |
| २० | " | " | ७२ | ५– ८–० |
| २१ | " | " | २२६ | १–१५–० |
| २२ | " | " | ७६ | १– ३–० |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | | |
|---|---|---|---|---|
| २३ | " | " | ६८ | २–११–० |
| २४ | " | " | ५४ | ०–१०–० |
| २५ | " | " | ४८ | ४– ७–० |
| २६ | " | " | ५६ | ०– ६–० |
| २७ | " | " | ५३ | ०– ७–१५ |
| २८ | " | " | ४९ | ०– ५–० |
| २९ | " | " | ६१ | ०– ५–० |
| ३० | " | " | ५० | २–१५–० |
| ३१ | " | " | ५५ | ०–१०–० |
| ३२ | " | " | ३० | ०–१०–० |
| ३३ | " | " | ५७ | ०–१२–० |
| ३४ | " | " | ५८ | ०–१२–० |
| ३५ | " | " | ५९ | ०– ९–० |
| ३६ | " | " | ६० | ०– ७–० |
| ३७ | " | " | ६२ | ०–१०–० |
| ३८ | पाराखोपी | ८ | २५ | १–११–५ |
| ३९ | " | " | २८ | १–१५–० |
| ४० | " | " | ५१ | ३– ६–१५ |
| ४१ | " | " | ६५ | ५– ८–० |
| ४२ | बुधबारे | ८ | ५६ | १–११–० |
| ४३ | " | " | ६० | ०–१६–१० |
| ४४ | " | " | ६२ | १– ६–५ |
| ४५ | " | " | ६३ | १–११–० |
| | | | | कुलः ५९–२–१० |

**शर्तहरू:**

१. हदबन्दी छूट पाएको जग्गामा मोही भएको जग्गा परेको हुँदा सम्वन्धित कम्पनीले साबिकमा मोही भएको र हाल जग्गा जोत्न छाडी भागी बेपत्ता भएका तथा साबिक मोही मरी अपुताली परेको जग्गा यकिन गरी जफत जग्गामा उद्योग संचालन गर्न फुकुवा पाएको मितिले ६ महिनाभित्रमा ऐनबमोजिम सम्बन्धित भू सु. का. मा उजुरी गरी कारबाही टुङ्गो लगाउनु पर्नेछ ।



मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२. छूट पाएका जग्गामा हालसम्म मोही आफैले वा मोही परलोक भै निजका परिवार (भू.सं. ऐन, २०२१ को दफा २६ ले इङ्गित गरेका) ले जोत्दै आएका भए कम्पनी र मोहीहरूको बीचमा भएको मिति २०४८ माघको सम्झौता अनुसार गरी फुकुवा पाएको मितिले ६ महिनाभित्रमा टुङ्गो लगाउनु पर्नेछ। यसरी टुङ्गो लगाउँदा मोहीहरूलाई जग्गा दिंदा नरम करम मिलाई एक साइडबाट दिन उपयुक्त हुने हुँदा सो प्रयास गर्ने। यसरी एक साइडबाट दिंदा घर सार्न पर्ने भएमा घर सार्दा लाग्ने खर्च कम्पनीले व्यहोर्नु पर्नेछ। यदि एक साइडबाट मोहीहरूले लिन इन्कार गरेमा भोग भएकै स्थानमा जग्गा दिनु पर्नेछ।

३. अतिक्रमण गरी बसोबास गर्ने व्यक्तिहरूको हकमा त्यहाँ साबिकदेखि जोती आएका मोही र कम्पनीले फुकुवा भएको मितिले ६ महिनाभित्रमा हटाइसक्नु पर्नेछ।

४. मोहीहरूलाई सम्झौता अनुसार जग्गा दिई कम्पनीको नाममा बाँकी रहेको जग्गा यकिन गरी यसरी मोहीको नाममा अन्तिम मितिमा पारित भएको मितिले १ महिना भित्रमा (जम्मा ६ महिनाको म्यादभित्र) पुनः हदबन्दी छूटको लागि भू. सु. का. मार्फत कम्पनीका नाममा अब खास बाँकी रहेको जग्गाको प्रमाणित ज. ध. प्र. पुर्जाको प्रमाणित नक्कल तथा सो समयको मालपोत तिरेको रसिदको नक्कल भू.सु. का. मा पेश गर्नु पर्नेछ।

५. जफत भएको जग्गा कम्पनीले फुकुवा पाएको मितिले २ वर्ष भित्र सम्पूर्ण जग्गामा उद्देश्य अनुरूप जडीबुटी लगाई सक्नुपर्नेछ। उक्त मितिभित्रमा उद्देश्य अनुरूप काम नभएमा हदबन्दी छूट पाएको जग्गामा सो छूट छुटाई भू.सं. ऐन, २०२१ को दफा ७ अनुसार कारबाही गरिनेछ।

६. हदबन्दी छूट पाएको जग्गामा कम्पनीको घोषित उद्देश्य र लक्ष परिपूर्तिको लागि मात्र निर्माण कार्य गर्न पाइनेछ र तदनुरूप जग्गा प्रयोग गर्न पाइनेछ।

७. श्री ५ को सरकारको पूर्व स्वीकृति नलिई कम्पनीको नामबाट अन्य कसैलाई कुनै व्यहोराबाट जग्गाको हक हस्तान्तरण गर्न वा सट्टा पट्टा गर्न पाइने छैन।

८. कम्पनीले प्रत्येक ३।३ महिनामा भूमिसुधार कार्यालयमा कम्पनीको प्रगति प्रतिवेदन पेश गर्नु पर्ने कर्तव्य हुनेछ। पहिलो पटक प्रगति नदिएमा कम्पनीलाई सचेत गराउने, दोस्रो पटक पनि प्रगति नदिएमा भू.सं. ऐन, २०२१ को दफा ७ अनुसार किन कारबाही नगर्ने भनी स्पष्टीकरण लिइनेछ। त्यसरी स्पष्टीकरण लिंदासमेत प्रगति पेश नभएमा भू.सं. ऐन, २०२१ को दफा ७ लागू गरी कारबाही गरिनेछ।


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

९. यो जडीबुटी खेती गरी सञ्चालन गरिने कृषि उद्योगलाई हदबन्दी छूट दिइएको जग्गा यस उद्योगको प्रयोगमा रहेसम्मको लागि मात्र हदबन्दी छूट दिइनेछ ।

१०. उद्योगले हदबन्दी छूट पाएको जग्गामा उद्योगसँग सम्बन्धित जडीबुटीको खेती नगरी अन्य बाली लगाएमा त्यस्तो अन्य बाली लगाए जति जग्गा श्री ५ को सरकारबाट जफत गरिनेछ ।

११. उद्योगलाई हदबन्दी छूट दिंदा जुन उद्देश्य र कामको लागि छूट दिइएको हो सो उद्देश्य परिवर्तन गर्न परेमा श्री ५ को सरकार भूमिसुधार तथा व्यवस्था मन्त्रालयबाट समेत पूर्व स्वीकृति लिनु पर्नेछ ।

१२. छूट पाएको जग्गाको क्षेत्रफलभन्दा बढी अरू जग्गा कुनै व्यहोराबाट प्राप्त वा खरिद गर्नु परेमा श्री ५ को सरकार भूमि सुधार तथा व्यवस्था मन्त्रालयको पूर्व स्वीकृति लिनुपर्नेछ । त्यसरी स्वीकृति लिनु पर्नेमा स्वीकृति नलिई जग्गा प्राप्त वा खरिद गरी लिएको वा भोग गरेको देखिएमा त्यस्तो जग्गा जफत गरिनेछ ।

१३. उद्योगको काम र प्रगति सम्बन्धमा सम्बन्धित निकायबाट निरीक्षण गर्न खटिएका टोलीलाई हदबन्दी छूट पाएको सम्पूर्ण जग्गा तथा सो सम्बन्धी भए गरेका प्रगति टोली समक्ष देखाउनु र अनुगमन गराउनु कम्पनीको कर्तव्य हुनेछ ।

आज्ञाले,
रेवतीरमण पोखरेल
श्री ५ को सरकारको सचिव

श्री ५ को सरकार

## महिला तथा समाज कल्याण मन्त्रालयको

## सूचना १

श्री ५ को सरकारले समाज कल्याण ऐन, २०४९ को दफा ५ को उपदफा (२) को खण्ड (ग) ले दिएको अधिकार प्रयोग गरी समाज कल्याण परिषद्को रिक्त कोषाध्यक्ष पदमा श्री हिमालराज भण्डारीलाई मनोनीत गरेको छ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## सूचना २

श्री ५ को सरकारले समाज कल्याण ऐन, २०४९ को दफा ५ को उपदफा (४) ले दिएको अधिकार प्रयोग गरी सोही दफाको उपदफा (२) को खण्ड (च) बमोजिमको समाज कल्याण परिषद्‌को सदस्य पदमा देहाय बमोजिमका व्यक्तिहरूलाई मनोनीत गरेको छ ।

१. डा. जयराज आचार्य
२. श्री कपील श्रेष्ठ
३. श्रीमती सुप्रभा घिमिरे

## सूचना ३

श्री ५ को सरकारले समाज कल्याण ऐन, २०४९ को दफा ५ को उपदफा (४) ले दिएको अधिकार प्रयोग गरी सोही दफाको उपदफा (२) को खण्ड (छ) बमोजिमको समाज कल्याण परिषद्‌को सदस्य पदमा देहाय बमोजिमका व्यक्तिहरूलाई मनोनीत गरेको छ ।

१. श्री सत्यदेव दनुवार
२. श्रीमती ज्योती ध्याकुन्याल "गार्गीक"

आज्ञाले,
रामेश्वर शाह
श्री ५ को सरकारको का. मु. सचिव



मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।